# आपसी सहयोग बचत तथा ऋण सहकारी संस्था लि.

# बालुवाटार, काठमाडौंका ३२औं वार्षिक साधारण सभामा प्रस्तुत

## कर्जा लगानी तथा असुली उप-समितिको प्रतिवेदन

३२ औं वार्षिक साधारण सभाका सभापतिज्यू, प्रमुख अतिथिज्यू, विषेश अतिथिज्यू, सहकारी विभागबाट पाल्नु भएका अतिथिज्यूहरू, संचालक समितिका पदाधिकारीज्यूहरू, सल्लाहकार समितिका पदाधिकारीज्यूहरु, अन्य विभिन्न समिति, उप समितिमा रहनुभएका पदाधिकारीज्यूहरू, उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरू तथा हाम्रो निमन्त्रणा स्वीकार गरी यस सभालाई सफल बनाउन पाल्नु भएका सम्पूर्ण महानुभावहरू प्रति कर्जा लगानी तथा असुली उपसमितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक न्यानो अभिवादन व्यक्त गर्न चाहान्छु ।

यस संस्थाको ३२ औं वार्षिक साधारण सभा समक्ष कर्जा लगानी तथा असुली उपसमितिको प्रतिवेदन पेश गर्न पाउंदा म आफूलाई गौरवान्वित महशूस गर्दै सम्पूर्ण शेयर सदस्य तथा सञ्चालक समिति प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

देशको आर्थिक स्थिति, बजारमा लगानीयोग्य कोषको उपलब्धतामा हुने उतार चढाव, संस्थाको लगानीको सीमित कार्यक्षेत्र, संस्थामा रहेका सीमित वर्गका सदस्य तथा नियमनकारी निकायबाट प्राप्त हुने निर्देशन आदिको कारणले शेयरधनी महानुभावहरूमा दीगो रुपमा प्रतिफल प्रदान गर्ने कार्य चुनौतिपूर्ण रहेको परिप्रेक्ष्यमा संस्थाको प्रयास भनेको सकेसम्म अधिक लाभांश वितरण गर्ने नै रहँदै आएको छ । तर अधिक मुनाफा आर्जनले मात्र संस्थाको दीगो विकास हुन नसक्ने र सदस्यज्यूहरुको हितलाई समेत सर्वोपरी महत्व दिदै संस्थाका आर्थिक गतिविधि सञ्चालन गर्नुपर्ने बाध्यता हामीसामु रहेको छ । संस्थाको वर्तमान लगानी नीतिको कार्यदिशा समेत सदस्यज्यूहरुको सर्वोपरी हितमा केन्द्रित रहेको जानकारी गराउन चाहन्छु ।

यसै सिलसिलामा शेयर सदस्यहरूको स-सानो बचतबाट जम्मा भएको निक्षेपलाई सदस्यहरूबीच संस्थाबाट सहुलियत दरमा कर्जा प्रवाह गर्ने गरेको तथ्य सगौरव जानकारी गराउन चाहन्छु । आर्थिक वर्ष २०७९/८० को अन्त्यमा यस संस्थाले कुल ३६१ सदस्यलाई कर्जा प्रवाह गरेको छ । संस्थाले प्रवाह गरेको कर्जाको विस्तृत विवरण यहां प्रस्तुत गरेको छु ।

| सि.नं. | कर्जाको शीर्षक | कर्जा सीमा | २०७९ असार मसान्तको लगानीमा रहेको ऋण रकम रु. | २०८० असार असार मसान्तको लगानीमा रहेको ऋण रकम रु. | वृद्धिदर (%) | अंश | ब्याजदर |
|---|---|---|---|---|---|---|---|
| १. | सामाजिक कर्जा | ३ लाख | १,२७,८८,०००।- | १,४९,१५,०००।- | १६.६३ | ८.९९ | १४% |
| २. | सहयोगी कर्जा | ४ लाख | १,६५,९५,०००।- | १,७६,६८,०००।- | ६.४७ | १०.६५ | १४% |
| ३. | अल्पकालीन कर्जा | ६ लाख | ३,५४,४२,०००।- | ४,३४,४४,०००।- | २२.५७ | २६.२० | १५% |
| ४. | सरल कर्जा | ६ लाख | ७,२२,२०,०००।- | ८,७६,५०,०००।- | २१.३६ | ५२.८५ | १४% |
| ५. | बचत एवं मुद्दती निक्षेप धितो कर्जा | धितो अनुसार | १७,३२,५००।- | २१,५७,५००।- | २४.५३ | १.३० | १२% |
| ६. | सुरक्षित धितो कर्जा | धितो अनुसार | हाल नभएको । | - | - | - | - |
| | कुल रकम | | १३,८७,७७,५००।- | १६,५८,३४,५००।- | १९.५० | १०० | |

एक वर्ष भुक्तानी अवधि तोकिएको सामाजिक र सहयोगी कर्जाको सीमा क्रमशः रु.३ लाख र रु.४ लाख रहेको छ भने छ महिना भुक्तानी अवधि तोकिएको अल्पकालीन र सरल कर्जाको सीमा रु.६ लाख रहेको छ । संस्थाको कुल कर्जा प्रवाह रकम आर्थिक वर्ष २०७९/८० को असार मसान्तमा रु.१६,५८,३४,५००।- रहेको छ । सो अवधिमा कुल बचत रु.१४,३९,९०,७९९।- रहेको छ । उपरोक्त तथ्यांक अनुसार संस्थाको कर्जा निक्षेप अनुपात ११५ प्रतिशत रहेको छ ।
कुल कर्जा मध्ये सरल कर्जाको अंश ५२.८५ प्रतिशत, अल्पकालीन कर्जाको अंश २६.२० प्रतिशत, सहयोगी कर्जाको अंश १०.६५ प्रतिशत, सामाजिक कर्जाको अंश ८.९९ प्रतिशत र बचत एवम् मुद्दती निक्षेप धितो कर्जाको अंश १.३० प्रतिशत रहेको छ ।

संस्थाले शेयर सदस्यहरूको कर्जा आवश्यकता तथा मागलाई ध्यानमा राख्दै कर्जाका विभिन्न शीर्षकहरूलाई प्रचलनमा ल्याएको छ । शेयर सदस्यको हितलाई प्राथमिकतामा राख्दै सञ्चालक समितिबाट समयानुकुल नीति नियमहरू तर्जुमा गरी कर्जा प्रवाह तथा असुली प्रक्रियालाई क्रमशः सरलीकृत र सुरक्षित गर्दै लगेको व्यहोरा अनुरोध गर्दछु । कर्जा प्रवाहको प्रक्रियामा कुनै समस्या तथा त्रुटी भएमा यस सभा समक्ष सल्लाह र सुझावको अपेक्षा राख्दछु ।

**आदरणीय शेयरधनी महानुभावहरू,**

पछिल्लो समय संस्थाले कर्जा असुली प्रक्रियालाई थप कडाइ गर्दै लगेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । लामो समयसम्म कर्जा चुक्ता नगरेका ऋणीहरूलाई कर्जा चुक्ता गर्न ताकेता गरिएको, सोबाट कतिपय भाखा नाघेका कर्जा असुल उपर भएको, भाखा नाघी असुल उपर हुन नसकेका केही बाकी ऋणीहरुलाई कालोसूचीमा राख्ने बारेको सूचना समेत प्रकाशित गरिएको एवं सो कार्यबाट समेत असुल उपर हुन नसकेका कर्जाको हकमा सम्बन्धित ऋणीहरुलाई कालोसुचीमा राख्न सम्बन्धित निकायमा आवश्यक प्रक्रियासमेत शुरु गरिसकिएको जानकारी गराउन चाहन्छु । संस्थाको विभिन्न प्रयासस्वरुप **आर्थिक वर्ष २०७८/७९ मा खराब कर्जा १.५८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा १.१४ मा कायम गर्न सफल भएको कुरा सदस्यज्यूहरूमा सहर्ष जानकारी गराउँदछौ ।**

संस्थाको आर्थिक वर्ष २०७९/८० को अन्त्यमा रहेको कर्जा नोक्सानी व्यवस्था बापतको रकमलाई देहाय बमोजिम प्रस्तुत गरेको छु ।

रु.हजारमा

| सि.नं. | कर्जाको वर्गीकरण | कर्जा रकम | हिस्सा (प्रतिशत) | कर्जाको नोक्सानी प्रतिशत | कर्जा नोक्सानी व्यवस्था |
|---|---|---|---|---|---|
| १ | असल कर्जा | १६११३४ | ९७.१७ | १ | १६११ |
| २ | कमसल कर्जा | २८०० | १.६९ | ३५ | ९८० |
| ३ | खराब कर्जा | १९०० | १.१४ | १०० | १९०० |
| | कुल रकम रु. | १६५८३४ | १०० | | ४४९१ |

कर्जाको वर्गीकरण गर्दा भाखा ननाघेका र तीन महिनासम्म भाखा नाघेको कर्जालाई असल कर्जाको रुपमा १ प्रतिशत, तीन महिनादेखि बढीमा एक वर्षसम्म भाखा नाघेको कर्जालाई कमसल कर्जा को रुपमा ३५ प्रतिशत र एक वर्षभन्दा बढी अवधिले भाखा नाघेको कर्जालाई खराब कर्जामा वर्गीकरण गरी १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ । २०८० असार मसान्तसम्ममा यस संस्थाबाट प्रवाह भएका कर्जामध्ये असल कर्जा ९७.१७ प्रतिशत, कमसल कर्जा १.६९ प्रतिशत र खराब कर्जा १.१४ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा कुल कर्जा

नोक्सानी व्यवस्था रु.४४ लाख ९१ हजार रहेको छ जुन कुल कर्जा रकमको २.७१ प्रतिशत हुन आउछ ।

**थप लाभांश फिर्ता गर्ने व्यवस्था,**

संस्थाको नाफा नोक्सान बाँडफाँड पश्चात संरक्षित पुंजी फिर्ता कोषमा विनियोजित रकममध्ये कार्यविधि बमोजिम असल ऋणीलाई ऋणमा तिरेको ब्याजको आधारमा ६० प्रतिशत र नियमित बचतकर्तालाई बचतमा पाएको ब्याजको आधारमा ४० प्रतिशत रकम सदस्यहरुलाई नै थप लाभांश स्वरुप फिर्ता गर्ने व्यवस्था रहेकोमा आ.व.२०७८/७९ मा कर्जा लिई नियमित रुपमा ब्याज तिर्ने सदस्यहरु कुल २६५ जनाले योगदानका आधारमा संरक्षित पुजी फिर्ता कोषबाट थप लाभांश प्राप्त गर्नु भएको थियो । जस मध्ये रु.५,००० देखि रु.७,०००।- पाउने १९ जना, रु.७,००० देखि रु.९,०००।- पाउने, १२ जना रु.९,००० देखि रु.१०,०००।- पाउने १० जनासमेत जम्मा ४१ जना सदस्यहरुले रु.५,०००।- माथि थप लाभांश प्राप्त गर्नु भएको थियो । सो रकम वापत आ. व. २०७८/७९ मा कूल रु.७,६४,९१९।- असल ऋणिलाई फिर्ता गरिएको थियो । आ. व. २०७९/८० मा कूल नाफाबाट संरक्षित पूँजी फिर्ता कोषमा छुट्याईएको रकम रु.१४,४७,१०४।- मध्ये ऋणी सदस्यले नियमित रुपमा तिरेको ब्याजको आधारमा ६० प्रतिशतले हुने रकम रु. ८,५३,५२५।- बितरण गरिने प्रस्ताव गरिएको छ । यसबाट कुल २८९ ऋणीले संरक्षित पुजी फिर्ता कोषबाट थप लाभांश प्राप्त गर्ने देखिन्छ ।

**आदरणीय शेयरधनी महानुभावहरू,**

संस्थाले कर्जा प्रवाहमा सरलता ल्याउनुका साथै असुली प्रक्रियालाई पनि प्रभावकारी बनाउँदै लगेको छ । साथै, कर्जा असुलीको प्रक्रियामा जांदा स्वयम् ऋणीबाट कर्जा असुल उपर गर्न नसकेको अवस्थामा धन जमानीबाट कर्जा असुल उपर गर्ने व्यवस्था पनि रहेकोले धन जमानी दिंदा ऋणीको आर्थिक कारोबारको विस्वसनीयता भएको सदस्यको लागि मात्र धन जमानी बसीदिनुहुन अनुरोध गर्दछु । संस्थामा केही ऋणीहरूले तोकिएको समय सीमाभित्र कर्जाको सांवा ब्याज तिर्न नआएको र लिखित तथा मौखिक माध्यमबाट सम्पर्क गर्दा केही समयभित्र आएर कर्जा चुक्ता गर्ने मौखिक आश्वासन प्राप्त भएतापनि केही ऋणी सदस्यबाट कर्जा चुक्ता भइनसकेकोले सम्बन्धित ऋणीहरूलाई आफुले लिएको कर्जा समयमा नै तिर्न तथा नवीकरण गरिदिनुहुन अनुरोध गर्दछु । साथै कर्जा असुली प्रक्रियामा संस्था निर्ममतापुर्वक प्रस्तुत हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

अन्तमा, आर्थिक वर्ष २०७९/८० को तथ्याङ्कमा आधारित प्रतिवेदन माथि छलफल गरी आवश्यक सुझाव सल्लाह दिनु भई यस संस्थाको उन्नति/प्रगतिको कार्यमा सघाउनु हुनेछ भन्ने विश्वासको साथ यस सम्मानित सभामा प्रतिवेदन पेश गर्दै बिदा हुन चाहन्छु ।
धन्यवाद । जय सहकारी ॥

| | | |
|---|---|---|
| (दिपेश प्रधान) | (झकनाथ ढकाल) | (युवराज दहाल) |
| सदस्य | सदस्य | संयोजक |
| ऋण उप-समिति | ऋण उप-समिति | ऋण उप-समिति |